STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार ११ गते शुक्रबार ❑ 25 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरा महानगरको बजेट ६ अर्ब २७ करोड ७५ लाख

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

पोखरा महानगरपालिकाले आउदो आर्थिक बर्ष २०७८/०७९ को लागि ६ अर्ब २७ करोड ७५ लाखको बजेट पेश गरेको छ । पोखरा महानगरपालिकाका उपमेयर मन्जुदेवि गुरुङले बिहीबार नवौं नगरसभामा आर्थिक बर्ष २०७८/०७९ को बजेट वक्तव्य प्रस्तुत गर्दै आउदो बर्षको लागि उक्त बजेट पेश गरेकी हुन् ।




कुल विनियोजनमा चालुतर्फ २ अर्ब ९० करोड ९४ लाख अर्थात ४६ दशमलव ४ प्रतिशत, पुँजीगत खर्चतर्फ.३ अर्ब ३६ करोड ८० लाख अर्थात ५३ दशमलव ६ प्रतिशत विनियोजन प्रस्ताव गरिएको उपप्रमुख गुरुङले जनाइन्। खर्च केन्द्रगत रुपमा नगर कार्यपालिकाको कार्यालयतर्फ ८८ करोड ८६ लाख अथार्त १४ प्रतिशत, सामाजिक विकासतर्फ १२ करोड ७९ लाख ८९ हजार, अर्थात २ प्रतिशत बजेट विनियोजन गरिएको उनले जनाइन् ।

उक्त बजेट चालु आर्थिक बर्ष २०७७/०७८ को भन्दा ९३ करोड ४ लाख रुपैया अर्थात १४.८ प्रतिशतले बढी हो । चालु आर्थिक बर्षको बजेट भने ५ अर्ब ३४ करोड ७१ लाख रहेको छ ।

त्यस्तै शिक्षातर्फ १ अर्ब ४२ करोड ८७ लाख ३५ हजार, २२ दशमलव सातपाँच प्रतिशत, कृषितर्फ १४ करोड ४९ लाख अर्थात २ दशमलव ३ प्रतिशत, स्वास्थ्यतर्फ ४० करोड २२ लाख, ६ दशमलव ४ प्रतिशत, वडा कार्यालय तर्फ ४१ करोड ६० लाख ६ दशमलव ६ प्रतिशत, पूर्वाधारतर्फ २ अर्ब ८६ करोड ९० लाख अर्थात ४५ दशमलव ७ प्रतिशत बजेट प्रस्ताव गरिएको बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

उक्त बजेटको खर्च व्यहोर्ने स्रोतहरुमा संघीय सरकार वित्तीय हस्तान्तरणबाट २ अर्ब ५६ करोड १६ लाख अर्थात ४१ प्रतिशत, प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट ९ करोड २८ लाख अर्थात १ दशमलव ५ प्रतिशत, संघीय राजश्व बाँडफाँटबाट ३१ करोड २१ लाख ५४ हजार अर्थात ५ प्रतिशत, प्रदेश सरकार राजश्व बाँडफाँटबाट ६ करोड १८ लाख ७६ हजार अर्थात १ प्रतिशत, आन्तरिक आयबाट २ अर्ब २२ करोड अर्थात ३५ प्रतिशत व्यहोरिने भएको उपमेयर गुरुङले जनाइन् । यसो गर्दा अझै १ अर्ब ३ करोड ७५ लाख ९२ हजार को बजेट न्यून हुने भएकोले बजेट पूर्ति गर्न गत आवको सञ्चित मौज्दात र चालु आवको अन्त्यमा बचत हुने रकमबाट व्यहोरिने उनले जनाइन् ।

आन्तरिक आयतर्फ अस्थिर प्रकृतिका शीर्षकहरु जस्तै घर जग्गा रजिस्ट्रेसनको हिस्सा ३७ करोड ४० लाख ३० हजार ७ सय अर्थात आन्तरिक आयको ३८ दशमवल पाँच चार प्रतिशत रहेको बजेटमा वक्तव्यमा उल्लेख छ। यसैगरी ढुंगा गिटीको बिक्री शुल्क १४ दशमवल तीन छ प्रतिशत, नक्सापास दस्तुर १० दशमलव छ छ प्रतिशत तथा सिफारिस दस्तुर २ प्रतिशत रहनु तर तुलनात्मक रुपमा स्थिर आय शीर्षकहरु जस्तै सम्पत्ति करको योगदान कुल आन्तरिक आयमा ४ प्रतिशत हुने अनुमान गरिएको उनले जनाइन् । व्यवसाय करको योगदान ३ दशमवल तीनएक प्रतिशत तथा वहाल करको योगदान ५ दशमवल ८ प्रतिशत, भूमि करको योगदान ६ दशमलव एक दुई प्रतिशत, व्यवसाय कर ३ दशमवल तीन एक रहनु महानगरपालिकाको वित्तीय स्थायित्वको लागि चिन्ताको विषय भएको उपमेयर गुरुङले जनाइन्। महानगरमा दीर्घकालीन दायित्वहरु सिर्जना हुँदै जाने तथा स्थिर प्रकृतिका आय शीर्षकमा पर्याप्त सुधार हुन नसक्नुले वित्तीय जोखिमतर्फ उन्मुख हुन सक्ने वक्तव्यमा उल्लेख छ । आर्थिक विधेयक तय गर्दा, आर्थिक वर्षको पुषमसान्त सम्म कर बुझाउँदा साविकमा १० प्रतिशत छुट दिने गरेकोमा त्यसलाई वृद्धि गरी २० प्रतिशत छुट दिने, तथा चैत मसान्त सम्ममा कर दाखिला गर्दा १० प्रतिशत छुट दिने गरी कोरोना महामारीले आक्रांत स्थानीयवासी र व्यवसायिलाई राहत दिने प्रस्ताव गरिएको छ । सरसफाइ शुल्क सेवा प्रदायकले संकलन गरी, उक्त रकम महानगरपालिकामा जम्मा गरी त्यसको ८० प्रतिशत सोही सेवा प्रदायकलाई फिर्ता गर्ने नीतिले व्यहारिक समस्याहरु उत्पन्न गरेको कारणले, परिचालित हुने शुल्कको विश्लेषण गरी सेवा प्रदायकसँगबैंक जमानत लिने तर संकलन भएको शुल्कको २० प्रतिशत मात्रै महानगरपालिकामा आम्दानी बाध्ने गरी नीतिगत सुधार गरिने भएको उनले जनाइन् । नेपाल सरकारले तय गरेको नदीजन्य सामग्रीको उत्खनन् तथा बिक्री सम्बन्धी कार्यविधिले यस्तो आय प्रदेश सरकार सँग ६०-४० को अनुपातमाबाडँफाट गर्नुपर्ने नीति तय गरेकोले आगामी आर्थिक वर्षबाट यस्तो आय बाँडफाट गर्ने गरी बजेट प्रस्ताव गरेको वक्तव्यमा उल्लेख गरिएको छ । यसबाट करिब १० करोड प्रदेशको सञ्चित कोषमा हस्तान्तरण हुन जाने उनले जनाइन् । चालु आर्थिक वर्षको गत जेठ मसान्त सम्म आयतर्फ कुल ३ अर्ब ९५ करोड ६३ लाख अर्थात संशोधित अनुमानित आयको ७८ प्रतिशत तथा व्ययतर्फ कुल २ अर्ब ४२ करोड ४० लाख अर्थात अनुमानित व्ययको ४५ प्रतिशत व्यय भएको उपमेयरले जारी गरेको वक्तव्यमा उल्लेख गरिएको छ । उक्त आर्थिक वर्षको बजेट अनुमान तथा खर्चको विश्लेषण गर्दा आय अनुमान र पूँजीगत खर्च क्षमता जस्ता पक्षमा थप सुधार गर्नुपर्ने उपमेयर गुरुङले बताइन् । चालु आर्थिक वर्षमा साना ठूला गरी १ सय २ योजनाको बोलपत्र आह्वान भएको छ भने चालु आर्थिक वर्षमा २२.१ किमी, पिच सडक तथा १.८ किमी ढलान गरिएको सडक निर्माण भएको वब्तव्यमा उल्लेख छ । अस्फाल्ट प्रविधिबाट २२ किमी पिच गरिएको दाबी गरेकी उपमेयर गुरुङले १८ दशमवल दुई दुई किमी सडक स्तर उन्नति, ६ वटा डबल लेनसहितका मोटरेबल पुल, एउटा आकाशे पुल र २ वटा कल्भर्ट निर्माण सम्पन्न भएको जनाइन ।

कोभिड-१९ को रोकथाम तथा संक्रमितको उपचारमा सक्रियताका साथ सहभागी हुने, कनेक्टिङ रोडहरुको निरन्तरता मार्फत् विकटलाई निकट ल्याउने अठोटलाई सार्थक बनाउने, सहरी क्षेत्रमा सडक बत्ती विस्तार तथा आस्फाल्ट प्रविधियुक्त सडक निर्माण मार्फत् स्मार्ट पोखरा र सेफर सिटीको नारा कार्यान्वयन गर्ने, वडा कार्यालय भवनहरु तथा महानगरको प्रशासनिक भवन निर्माण गरी संस्थागत सुधार गर्ने, स्यानिटरी ल्यान्डफिल साइटको वैकल्पिक व्यवस्था गरी अन्तर र्ष्ट्रिय विमानस्थल सञ्चालनमा सहजीकरण गर्ने, विभिन्न सामाजिक अभियानहरु मार्फत् जनताको जीवनस्तरमा सुधार गर्ने, पर्यटन तथा अन्य पूर्वाधारको क्षेत्रमा निजी लगानी परिचालन गरी रोजगारी सिर्जना र आर्थिक विकासमा योगदान गर्ने महानगरले लक्ष्य राखेको उपमेयर गुरुङले जनाइन्। पोखरा महानगरपालिकाको गहनाको रुपमा रहेको बेगनासताललाई पृथ्वी राजमार्गसँग जोड्ने तालचोक बेगनास सडक नेपालकै नमूना सडकको रुपमा निर्माण गरी विश्व बैंकको आर्थिक सहयोगमा उत्तः सडक निर्माणमा १ अर्ब ५३ करोड रुपैंयाँको बहुवर्षीय बोलपत्र प्रकाशित भइसकेको गुरुङले जनाइन् । अस्फाल्ट पिच कार्यक्रमको लागि एकमुष्ट ७ करोड विनियोजन प्रस्ताव गरिएको छ भने कनेक्टिङ सडकतर्फ गरी कुल १ अर्ब २० करोड बजेट प्रस्ताव गरिएको उनले जनाइ् । हाम्रो पोखरा,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा बन्यो आकासे पुल, टिकटक बनाउनेको भिड भाड सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

पोखरामा आकासे पुल निर्माण भएको छ। पोखराको सृजनाचोकमा पोखरा क्षेत्रकै पहिलो आकासे पुल हालै निर्माण भएको पोखरा महानगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष रुद्रनाथ बरालले बताए।

उनका अनुसार उक्त पुलको माथिल्लो भागमा छानो हाल्न र रंग रोगन गर्न मात्र बाँकी रहेको छ। करिब २ करोड ५४ लाखको लागतमा स्टिल स्टक्चर संरचनामा बनेको उक्त पुलको उचाई भने ८ मिटरको रहेको अध्यक्ष बराललले जनाए । उक्त पुलको औपचारिक उद्घाटन भने यही असार महिनाको मसान्तर भित्रै हुने तयारी गरिएको अध्यक्ष बराललले बताए । चारै तर्फ बाटो रहेको उक्त पुल निर्माण भएपछि व्यस्त रहने सृजनाचोकमा बाटो काट्दा सडकमा हुन सक्ने सवारी दुर्घटनालाई समेत यसले केही हदसम्म कम गराउन मद्दत पुग्ने उनले विश्वास व्यक्त गरे । स्व. पर्यटन मन्त्री रवीन्द्र अधिकारीले सांसद विकास कोषको ५० लाख रुपैया लगानी भएको हो भने बाँकी रकम



पोखरा महानगरपालिकाले लगानी गरेको अध्यक्ष बराललले जनाए । के.एम.जे.बि.एन.एस.पोखराजे.भि, पोखरा-१७ ले उक्त परियोजनाको जिम्मा लिए पनि प्राविधिक कारणले गर्दा उक्त परियोजना निर्धारित समय भन्दा केही ढिलो गरी सम्पन्न गर्ने भएको हो । २०७६ जेठ २७ गते महानगरले १५ महिनामा सकिने गरी उक्त कम्पनीसंग सम्झौता गरेको थियो । पोखरामा स्मार्ट सिटिको अभियान अन्तर्गत उक्त संरचना पनि एक भएको पोखराका मेयर मानबहादुर जिसीले बताउदै आएका छन् । पोखरामा ट्राफिक जामलाई मध्यनजर गदै महानगरपालिकाले सृजनाचोकमा पोखराकै पहिलो आकाशेपुल निर्माण गरेसंगै आवश्यकताको आधारमा अन्य ठाँउमा समेत आकासे पुल निमार्ण गरिने भएको मेयर जिसीले बताए । पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइड जाने, सभागृहचोक तथा पृथ्वीचोक, राष्ट्रबैंक तथा सिद्धार्थचोक जाने बाटोमा पोखराको पहिलो आकासे पुल निर्माण भएको हो।

यसैबिच उक्त पुल निर्माण भएको सकिन नपाउदै पुलमा चढेर टिकटक बनाउनेहरुको यति वेला भिड भाड नै सुरु भएको छ । कोरोनाले गर्दा हाल पोखरा क्षेत्रमा निषेधाज्ञा भएकोले गर्दा पनि पुलमा आएका मानिसहरुलाई प्रहरीले भिडभाड नगर्न चेतावनी दिदै आएको छ।

## 'पर्यटन, कृषि, उर्जा र पूर्वाधार : समृद्ध माछापुच्छ्रेको आधार'

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले 'पर्यटन, कृषि, उर्जा र पूर्वाधार : समृद्ध माछापुच्छ्रे'को मूल आधारको नारालाई साकार पार्दै मानव जीवन रक्षालाई प्राथमिकतामा राखेर आगामी वर्षको बजेट तथा कार्यक्रम ल्याएको छ।

गाउँपालिका उपाध्यक्ष एवं बजेट नीति तथा कार्यक्रम समितिका संयोजक कृष्णकुमारी दवाडीले बिहीबार आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि रु ५६ करोड ५८ लाख ९८ हजार ४७१ को बजेट गाउँसभामा प्रस्तुत गरिन। कूल बजेटमा चालू खर्चतर्फ रु ३५ करोड तीन लाख ५० हजार विनियोजन गरिएको छ । यसैगरी पूँजीगततर्फ रु २१ करोड ५५ लाख ४८ हजार ४७१ विनियोजन गरिएको छ। पूँजीगततर्फ पूर्वाधार विकासमा रु १४ करोड २२ लाख २० हजार, सामाजिक विकास तर्फ रु पाँच करोड १७ लाख ४३६, आर्थिक विकासमा रु एक करोड ३८ लाख ७८ हजार ५४७, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४८ लाख ९९ हजार ४८८ र सुशासन, संस्थागत क्षमता विकास तथा सेवा प्रवाहतर्फ रु २८ लाख ५० हजार छुट्याइएको छ । नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रही प्राकृतिक, साँस्कृतिक र विभिन्न भौगोलिक विविधतायुक्त गाउँपालिकालाई समृद्ध बनाउनेतर्फ बजेट कार्यक्रम लक्षित रहेको उपाध्यक्ष दवाडीले बताइन।

कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन आवश्यक साधन स्रोतको सुनिश्तिता र क्वारेन्टिन निर्माण, सञ्चालन, औषधी उपकरण तथा कोष स्थापनाका लागि प्रकोप व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरिएको बजेटमा उल्लेख छ । गाउँपालिका केन्द्र जोड्ने सडकलाई प्राथमिकतामा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अन्नपूर्णको बजेट ७५ करोड २५ लाख: कृषि, पर्यटन तथा पूर्वाधारमा जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

कास्कीको अन्नपूर्ण गाउँपालिकाले कृषि, पर्यटन तथा पूर्वाधारमा जोड दिदै ७५ करोड २५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ।

गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट सार्वजनिक गर्दै गाउँपालिकाका उपाध्यक्ष सगुन गुरुङले कोभिड १९-को महामारी रोकथामसँगै यसका कारण रोजगारी गुमाएकालाई अवसर दिँदै उत्पादन र उत्पादकत्व वृद्धिलाई प्राथमिकतामा राखिएको बताउनुभयो। गाउँपालिकाले आव २०७८/७९ का लागि चालुतर्फ रु ५३ करोड २० लाख ७८ हजार र पूँजीगत तर्फ २२ करोड ४ लाख २२ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ ।विषयगत समिति अन्तर्गत बजेट बाँडफाँट गरिएको जानकारी दिँदै उहाँले पूर्वाधार विकासतर्फ रु १६ करोड ९६ लाख २२ हजार, आर्थिक विकासतर्फ ४ करोड ४ लाख, सामाजिक विकासतर्फ ४५ करोड ७३ लाख ७८ हजार विनियोजन गरिएको जानकारी दिनुभयो । त्यस्तै वन, वातावरण तथा विपद् व्यवस्थापनमा रु ६३ लाख, सुशासन तथा संस्थागत विकासमा १ करोड ८ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ ६ करोड ८० लाख रुपैयाँ विनियोजन गरिएको छ।

गाउँपालिकाले कोरोनाका कारण वैदेशिक रोजगार गुमाएर नेपाल फर्किएका युवालाई अवसरको रूपमा उपयोग गर्दै उनीहरूको अनुभव, सीप क्षमताको समुचित प्रयोग गरी उत्पादनमा आधारित कृषि, पशुपालन, पर्यटन, निर्माण र साना घरेलु उद्योगमा आधारितकार्यमा सहभागी गराई रोजगारका अवसर सिर्जना गरिने विषयलाई बजेटमा समेटिएको छ।

कृषि क्षेत्रको विकास र प्रवर्द्धन गर्न गाउँपालिकाभित्रका विभिन्न कृषियोग्य जमिनलाई सम्भाव्यताका आधारमा तरकारी, फलफुल तथानगदेबालीका पकेट क्षेत्रको रूपमा घोषणा गर्दै कृषिको आधुनिकीकरण एवं व्यावसायीकरण गर्न प्रोत्साहित गरिने लगायतका कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । बजेटमा गाउँपालिकाभित्र पूर्वाधार विकास अन्तर्गत बाटोघाटो, पदमार्ग, पुरातात्विक सम्पदा आदि कार्यक्रमलाई प्राथमिकतामा राख्नुका साथै लक्षित वर्ग तथा समुदायको सशक्तीकरण, खानेपानी, पर्यटन प्रवर्द्धन, स्थानीय रैथाने जातको संरक्षणका साथै खाद्य सुरक्षा तथा खाना संरक्षण कार्यक्रम लगायतलाई जोड दिएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# दूरी नाप्छिन् दुवाना

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

उमेरले साढे ५ वर्षमात्र टेकेकी दुवानालाई उनका बावु मुखिया लामाले एक दिन स्वीमिङ पुल लगे।

बालुवाटारस्थित जोन डीई स्कुलबाट लाजिम्पाट नजिकै थियो। त्यहाँको शंकर होटलको स्वीमिङ पुल छिरेकी सानी छोरी दुवाना पौडीमा रमाइन्।

एकपछि अर्को गर्दै कहिले शंकर, कहिले अन्नपूर्ण, कहिले गोदाबरीको स्वीमिङमा भेटिन थालिन्। दुवानाको पौडी कला देखेपछि शुभ श्रेष्ठले मुखियालाई सुझाव दिए, 'छोरीलाई राम्रोसँग पौडी सिकाउनुपर्छ। भविष्यमा नाम राख्न सक्छिन्।' हुन पनि १३ औं सागहोस् वा आठौं राष्ट्रिय खेलकुदसहित विभिन्न प्रतियोगितामा पदक हासिल गरेर सानै उमेरमा नाम चम्काएकी छन्। मनाङको निसाङ गाउँपालिका ८ घर भइ हाल काठमाडौं निवासी मुखिया र मेरी लामाको एकमात्र सन्तान हुन्, दुवाना लामा। उनको




जन्म २०६३ असार ३० मा भएको हो। उनै १४ वर्षीया दुवाना पाँचौ पोखरा स्पोर्टस् अवार्ड-२०७६/७७ को उदीयमान खेलाडीको मनोनयनमा परेकी छन्। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको पाँचौं संस्करणको स्पोर्टस् अवार्डमा उनी सबैभन्दा कान्छो उमेरकी खेलाडी हुन्। उनले १३ औं सागमा टिम रिलेमा ३ स्वर्ण र एकलतर्फ २ रजत पदक जितेकी थिइन्। एकलतर्फ उनले २०० मिटरको ब्रेस्टस्ट्रोक र बटरफ्लाईमा स्वर्ण जितेकी हुन्। ६ वर्षको हुँदा नै काठमाडौंमा एलए कपमा योङ्गेस्ट प्लेयर उपाधि जितेकी उनी निरन्तर पौडेरै दूरी घटाउनेतर्फ केन्द्रित बनिन्। फलस्वरुप नेपालगञ्जमा सम्पन्न आठौं राष्ट्रिय खेलकुदमा ६ स्वर्ण र ४ रजत जित्न सफल भइन्। त्यसबेला २०० मि. बटरफ्लाई क्याटागोरीमा नेशनल रेकर्डसमेत तोड्न सफल उनको नाममा विभिन्न प्रतियोगितामा ५० मि.ब्रेस्टस्ट्रोक, २०० मि. ब्रेस्टस्ट्रोक र २०० मि.को नेशनल रेकर्ड रहेको बावु मुखियाको दाबी छ। साथै सन् २०१९ मा बैंलोरमा भएको एशियन एजग्रुप लङ कोर्स च्याम्पियनसीपमा ५०, १०० र २०० मिटर ब्रेस्टस्ट्रोकमा राष्ट्रिय रेकर्ड कायम गरेकी उनै दुवाना थप प्रशिक्षणका लागि २ वर्षदेखि थाइल्याण्ड छिन्।

कक्षा ९ मा पढ्दै उनले पौडीकला अगाडि बढाएकी हुन्। उदीयमान खेलाडी विधामा दुवानासहित यसपालि लनटेनिसका प्रदीप खड्का र क्रिकेटका विपीन खत्री पनि मनोनयनमा छन्। तीमध्ये उत्कृष्ट एक जनाले असार १८ मा हुने स्पोर्टस् अवार्डमा ३५ हजारसहित अवार्ड जित्ने छन्।

# निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको अनुगमन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

कास्की क्षेत्रनं १(१) अन्तरगत सञ्चालित निर्बाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका आयोजनाहरुको बुधबार अनुगमन गरिएको छ।

प्रदेश सांसद एव अनुगमन समितिका संयोजक प्रभा कोइराला, उक्त क्षेत्रका प्रदेश सांसद एवं अर्थ तथा विकास समितिका सभापति दीपक कोइराला, जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैन बहादुर अधिकारी क्षेत्री, उप-प्रमुख सावित्रि भण्डारी, पूर्वाधार विकास कार्यालय कास्कीका प्रमुख दिनेशकुमार घिमिरे सोही कार्यालयका प्राविधिक र वडाध्यक्षहरु सहित गएको टोलीले आयोजनाहरुको अनुगमन गरेको हो। संयोजक प्रभा कोइरालाले अधिकांश आयोजनाको काम सम्पन्न भएको पाइएको र रुपा वडा नं ५ मा निर्माण हुनलागेको डेरि चिस्यान केन्दलाई निर्धारित समयम काम सम्पन्न गर्न निर्देशन दिइन। उक्त क्षेत्रका सांसद दीपक



कोइरालाले योजना छनोट गर्दा जनताको माग र आवश्यकताको आधारमा छनोट गरेकोले आयोजना निर्माण सन्तोषजनक पाइएको बताए। कोभिडको महामारीमा समे शत प्रतिशत आयोजना सम्पन्न्न हुनुलेपनि यस कुरालाई पुष्टिगर्ने उनको भनाई थियो।

उपभोक्ता समितिले काम गर्दा काम सम्पन्न भएपछि मात्र निर्माणको आधारमा रकम भुक्तानी गर्ने परिपाटीले पनि केही उपभोक्ता समितिलाई अप्ठेरो परेको गुनासो सुनिएकोले यसलाई पनि आगामि दिनमा सम्बोधनगर्न पहल गर्ने बताए। जिल्ला समन्वय समितिका संयोजक बैनबहादुर अधिकारी क्षेत्रीले कृषि कोल्ड स्टोर, डेरि चिस्यान केन्द, खानेपानी, मोटरबाटो, शव बाहन राख्ने ट्रृष्ट, समाज घर, शहिद पार्क सवै क्षेत्रलाई समेटेर आयोजनाहरु सञ्चालन भएको पाइएको बताए। उनले केही योजनाहरु सम्पन्न हुन बाँकी रहेकोले असार २० गतेसम्म सम्पन्न गर्न निर्देशन दिए। पुर्वाधार विकास कार्यालयका प्रमुख दिनेशकुमार घिमिरेले ९७ प्रतिशत आयोजना सम्पन्न भएको र बाँकी आयोजनापनि केही दिनमा सम्पन्न हुने जानकारी दिए। अनुगमनपछि प्राविधिकको नापजाँच संगै भुक्तानी शुरु हुने घिमिरेको भनाई थियो।

## पोखरा...

उज्यालो पोखरा' अभियानलाई सफल बनाउन नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा कोर सिटीमा सडक बत्तीको व्यवस्थापन गर्ने कार्यको थालनीको लागि प्राधिकरणले १३ करोडको लागत भएको बोलपत्र समेत प्रकाशित भइसकेको छ। सो आयोजनाको लागि महानगरपालिकाको तर्फबाट ५० प्रतिशत लागत व्यहोरिने गरी आवश्यक बजेटको व्यवस्था गरिएको महानगरले जनाएको छ। पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माणको अन्तिम चरणमा पुगेकोले वैकल्पिक ल्यान्डफिल क्षेत्रको समग्र विकासमा २ करोड र नगरस्तरीय योजनामा थप ५० लाख विनियोजन गरेको उपमेयर गुरुङले बताइन्। पोखराको प्रमुख पर्यटकीय क्षेत्र फेवातालको वरिपरि पदमार्ग निर्माण गर्न १ करोड ५० लाख, पोखरा क्षेत्रका सात ताल जोड्ने गरी खाका तयार भएको साइकल रुटको प्रवर्द्धन तथा विकासको लागि ५० लाख बजेट, पोखरा ६ मा रहेको वसुन्धरा र कामागाने पार्कमा थप पूर्वाधार निर्माण गर्न १ करोड बजेट विनियोजन गरिएको छ। नेपाल सरकारले हाल सम्म कोभिड विरुद्धको खोप खरिदको लागि स्थानीय तहहरुले जिम्मेवारी प्रदान नगरेको कारणले यस प्रयोजनको लागि तत्कालै बजेट प्रस्ताव नगरे पनि कम्तिमा ५० हजार खोप खरिदको प्रबन्ध गर्न सक्ने गरी तयारी गरिएको मेयर जिसीले बताए। खोप उपलब्ध गराउने विषयमा भगिनी सम्बन्ध भएका नगरहरुका नगर प्रमुखलाई अनुरोध गरिएको उनले जनाए। कोभिड-१९ नियन्त्रणको लागि हालै स्थापना गरिएको शिशुवा अस्पतालको कोभिड वार्ड संचालन तथा शिशुवा अस्पतालको संचालन समेतको लागि ३ करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ। कोभिडको कारण रोगजारी गुमाएकाहरुलाई लक्षित कार्यक्रम सञ्चालन गर्न कृषि र सामाजिक विकास क्षेत्रबाट २५ लाख प्रस्ताव गरिएको छ। पत्रकार महासंघ कास्कीसँगको सहकार्यमा गरिने संचारकर्मीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालनको लागि १५ लाख बजेट विनियोजन गरिएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखराको बजेट सन्तुलित बजेट आएको बताए। संवैधानिक दाहित्व भित्र रहेर बजेट आएको उनले जनाए। पोखराको लामेआहालमा निर्माण हुने क्षेत्रिय बसपार्क निर्माण गर्न, फेवाताल संरक्षणको लागि सिल्टेसन ड्याम निर्माण गर्ने, पोखराको चक्रपथ लगायतका कार्यक्रममा प्रदेशले सहकार्य गर्ने बताए। प्रदेशवासीलाई कोरोना विरुद्धको खोप दिलाउन प्रदेश सरकार प्रद्धिबद्ध रहेको उनले बताए।

संघीयताको आधारस्तम्भ स्थानीय तहलाई थप मजबुत र अधिकार सम्पन्न गराउन संघ र प्रदेश सरकार लाग्नुपर्ने उनले बताए। कार्यक्रमको सुरुमा मुख्यमन्त्री पोखरेलले महानगरले प्रकाशन गरेको कानुनहरुको संगालो विमोचन गरेका थिए। प्रदेश र स्थानीय तहमा अझै पनि जनशक्ति व्यवस्थापन ठूलो चुनौती रहेको उल्लेख गर्दै उनले यसका लागि संघ सरकारले छिटो निजामती सेवा ऐन ल्याउनु पर्नेमा जोड दिए।

## पर्यटन...

राखी विभिन्न सडकहरुको स्तरोन्नति तथा मर्मत सुधार, मानव संसाधन विकासका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र पोषणमा बजेटले जोड दिएको छ।

यसैगरी कृषि सेवा ,पशु सेवा,पर्यटन,वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र संरक्षण र कोरोना महामारीका कारणले स्वदेश तथा विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार नागरिकको रोजगारीका अवसर बृद्धि गर्न उद्यम विकास कार्यक्रम सञ्चालन बजेटको प्राथमिकतामा बजेट कार्यक्रममा छ।

लक्षित वर्ग र समुदायको उत्थानका लागि सामाजिक सुरक्षा र सशक्तिकरणका लागि आयमूलक तथा क्षमता विकासका कार्यक्रम संचालन, कोभिड १९ को कारण अति प्रभावित पर्यटन व्यवसाय होटेल तथा होमस्टेहरुलाई व्यवसाय दर्ता नवीकरणमा लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिने र अन्य व्यवसायलाई २५ प्रतिशत छुट प्रस्तुत बजेट कार्यक्रमा उल्लेख छ।

गाउँपालिकाभित्र कुनै पनि व्यवसाय महिलाको नामबाट व्यवसाय दर्ता भएमा त्यस्तो व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिइने र सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुंचमा अभिवृद्धि गर्ने बजेटको प्राथमिकता रहेको उपाध्यक्ष दवाडीले बताइन।

# स्वास्थ्य क्षेत्रमा बजेट अभाव हुँदैन : मुख्यमन्त्री नेपाली

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले प्रदेशवासीलाई कोरोना विरुद्धको खोप उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ।

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट सार्वजनिक कार्यक्रमलाई आज यहाँ सम्बोधन गर्दै उहाँले कोरोना महामारीमा नागरिकको जीवन रक्षा गर्न बजेटको अभाव नरहने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "कोरोना भाइरसको रोगथाम एवम् नियन्त्रणका लागि तीनै तहका सरकारको समन्वय आवश्यक छ। सङ्घले अनुदानका रूपमा पाउने र खरिद गर्ने वाहेक पनि निजी क्षेत्रबाट खोप खरिद गर्न सकिने प्रावधानका बारेमा समेत प्रदेश सरकारले अध्ययन गरिरहेको छ।" सङ्घीयताको आधारस्तम्भ स्थानीय तहलाई थप बलियो र अधिकार सम्पन्न गराउन सङ्घ र प्रदेश सरकार लाग्नुपर्नेमा जोड दिँदै उहाँले स्थानीय तहको संस्थागत विकासका माध्यमबाट लोकतन्त्रलाई सुदृढ बनाउनुपर्छ भन्नुभयो। उहाँले संविधानमा उल्लेखित साझा अधिकारका सूची कार्यान्वयनमा साझा दृष्टिकोण भने बनाउनुपर्ने आवश्यकता औंल्याउँदै विकास निर्माण र राजश्वका योगदानमा समेत स्थानीय तह र प्रदेश सरकारबीच थप साझेदारी र सहकार्यको खाँचो औंल्याउनुभयो। उहाँले कोरोना नियन्त्रण र प्राकृतिक प्रकोप पीडितको व्यवस्थापनमा प्रदेशले बनाएका योजनामा महानगरबाट सहयोगको अपेक्षा गरेको र प्रदेशको प्राथमिकतामा रहेको कोरोला, पोखरा, त्रिवेणी सडकका निर्माणमा समेत सहकार्य गर्न सकिने बताउनुभयो।

प्रदेश सरकारले घोषणा गरेको स्तन क्यान्सरको निशुल्क उपचार, ६५ वर्ष माथिका जेष्ठ नागरिकहरूको सरकारी अस्पतालमा निःशुल्क उपचार, विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रममा पनि स्थानीय तहसंग सहकार्य गर्न सकिने मुख्यमन्त्री नेपालीले विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा उहाँले महानगरले प्रकाशन गरेको कानुनहरूको संगालोको सार्वजानिक समेत गर्नुभएको थियो।

# पोखरा टोस्टमास्टर्स क्लबको नयाँ कार्यसमिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

पोखरा टोस्टमास्टर्स क्लबको बर्ष २०२१/२२ को लागि नयाँ कार्यसमिति गठन भएको छ।

क्लबको प्रेसिडेन्ट (अध्यक्ष) मा पोखराका युवा व्यवसायी नुरज बाटाजु, भाईरस प्रेसिडेन्ट एजुकेसन (उपाध्यक्ष-शिक्षा)मा देवराज पोखेल, भाईरस प्रेसिडेन्ट मेम्मरसिप (उपाध्यक्ष-सदस्यता)मा नमराज बराल, भाईरस प्रेसिडेन्ट पव्लिक रिलेसनसिप (उपाध्यक्ष-सार्वजनिक सम्वन्ध) मा गौतम श्रेष्ठ, सेक्रेटरी (सचिब)मा नानु अधिकारी, ट्रेजरर (कोषाध्यक्ष)मा प्रमिस बराल र सार्जेन्ट एट आम्समा अन्तिम घिमिरे चयन हुनुभएको छ भने क्लबको ईमिडेट पास्ट प्रेसिडेन्ट (निवर्तमान अध्यक्ष) सन्दिप मानन्धर रहनुभएको छ।

टोस्टमास्टर्स इन्टरनेसनल एक गैर नाफामुखी शैक्षिक संस्था हो जस्ले आफ्नो सदस्यहरुको नेतृत्व, व्यक्तित्व एवं वक्तित्वकला विकासको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने गर्दछ। टोस्टमास्टर्स इन्टरनेसनलको हाल १४५ देशमा १६२०० क्लवहरू रहेका छन् भने कुल ३६४००० भन्दा वढि सक्रिय सदस्यहरू रहेका छन्। नेपालमा हाल कुल ढ्छ वटा क्लबहरू सक्रिय रहेकोमा काठमाडौं उपत्यकामा ३७ र काठमाडौं उपत्यकाबाहिर ८ वटा क्लबहरू रहेका छन्। पोखरा टोस्टमास्टर्स क्लब काठमाडौं उपत्यका बाहिरको प्रथम टोस्टमास्टर्स क्लब हो।

# प्रतिनिधिसभा विघटनले लोकतन्त्रमाथि नै खतरा उत्पन्न गरेको छ : देउवा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असार**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटनले लोकतन्त्रमाथि नै खतरा उत्पन्न गरेको बताउनुभएको छ।

विपक्षीगठबन्धनलेआजविभिन्न सञ्चारमाध्यमका सम्पादकसँगको आजको अन्तरक्रियामा उहाँले प्रतिनिधिसभाका बहुमत १४९ सदस्यको हस्ताक्षरसहित राष्ट्रपतिको आह्वानअनुसार आफूहरूले प्रधानमन्त्रीका लागि दाबीसहित पेश गरेको आवेदन अस्वीकार गर्नु लोकतान्त्रिक मूल्य र मान्यतामाथि नै प्रहार भएको टिप्पणी गर्नुभयो।

सो अवसरमा सभापति देउवाले राष्ट्रिय हितको संरक्षण, नेपालको संविधान, लोकतन्त्र, संसद्को रक्षा तथा जनतालाई महामारी एवम् प्राकृतिक विपत्तिबाट जोगाउने उद्देश्यका साथ पाँच राजनीतिक दलको संयुक्त मोर्चा बनेको अवगत गराउनुभयो। सरकारबाट भएका कतिपय कार्य र निर्णय अदालतबाट रोकिएको जनाउँदै पूर्वप्रधानमन्त्रीले राष्ट्रिय स्वार्थ र जनताको हितलाई सर्वोपरी राख्दै संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन, सामाजिक न्याय, समावेशी लोकतन्त्र, कानूनी शासन र समृद्धिलाई आफूहरूले साझा गन्तव्यका रूपमा लिएको बताउनुभयो।

अ ा व श्य क परेमा जनपरिचालनको दिशातर्फसमेत अगाडि बढ्ने उहाँले बताउनुभयो। सभापति देउवाले नेपालको गौरव र स्वाभिमानलाई ध्यानमा राख्दै मुलुकका बारेमा नेपालीले नै निर्णय गर्ने कुरामा अटल विश्वासका साथ बदलिँदो विश्व परिवेशमा राष्ट्रिय हितको रक्षा लोकतान्त्रिक प्रणालीको आधारमा गर्नुपर्ने मान्यता स्पष्ट गर्नुभयो।


सरकारबाट दुई-दुई पटक प्रतिनिधिसभाको विघटन गर्ने, अध्यादेशमार्फतशासनसञ्चालनगर्ने, स्वतन्त्र न्यायालय तथा संवैधानिक निकायलगायत राज्य संयन्त्रमाथि हस्तक्षेप गर्ने, कोरोनाविरुद्धको पहिलो खोप लगाएकालाई दोस्रो खोप नपाउने स्थिति सिर्जना गर्ने, बाढी, पहिरो र डुबान जस्ता प्राकृतिक विपत्तिबाट जनधनको सुरक्षाका लागि प्रभावकारी पूर्व तयारी नगर्ने काम भएको सभापति देउवाको आरोप थियो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो ।
– हजरत अली

## सम्पादकीय

# विवादमा आयोगका नियुक्ति

संसदीय सुनुवाइ विना राष्ट्रपति विद्यादेवी भण्डारीले बिहीबार विभिन्न संवैधानिक आयोगमा २० जना पदाधिकारी नियुक्त गरेकी छन् । प्रतिनिधिसभा विघटन भएको हुँदा संसदीय सुनुवाइ हुन नसकेपछि संवैधानिक परिषद्ले सिफारिस गरेकाहरु ४५ दिन कटेपछि नियुक्त हुन पाउने भाग्यमानी हुन।संवैधानिक परिषद्का सदस्य सभामुख अग्नि प्रसाद सापकोटा र प्रमुख विपक्षी दलका नेता शेर बहादुर देउवा बैठकमा नजाँदा बैठकको गणपुरक संख्या नपुग्ने र निर्णय हुन नसक्ने अवस्था आएपछि अध्यादेश ल्याएर बहुमत सदस्य भए बैठक बस्न सक्ने प्राबधान राखिएको छ।प्रधानमन्त्री, प्रधानन्यायाधीश र राष्ट्रिय सभा अध्यक्ष उपस्थित भएर संवैधानिक परिषद्ले आयोगमा सिफारिस गरेको छ ।

पहिले पनि प्रतिनिधिसभा विघटन भएको कारणले संसदीय सुनुवाइ विना विभिन्न आयोगमा प्रमुख र सदस्यहरूले नियुक्ति पाइसकेका छन।पहिले काङ्ग्रेस सभापति शेर बहादुर देउवा र प्रधानन्यायाधीश चोलेन्द्र शंशेर जवरा र एमाले निकटले नियुक्ति पाएका थिए । अहिले पनि नियुक्ति पाउने तीनवटै पक्षका छन।बाहिर विरोध गरेर भित्र भागबन्डा हुने गरेको छ।भागबन्डाका कारण संबैधानिक आयोगमा स्वतन्त्र र ईमान्दारले मौका नपाएको भनी आलोचना हुने गरेको छ।राजनीतिक दल र दल भित्रको विवादका कारण आयोगका गतिविधिलाई अनावश्यक शंका गर्ने अवस्था बनेको छ।निजामती कर्मचारीको बढुवा र नयाँ भर्ना अबरुद्ध भएको लोक सेवा आयोगका अध्यक्ष र चार सदस्य रिक्त थियो । संसदीय सुनुवाइमा दुई तिहाइ बहुमतले अस्वीकृत गर्नुपर्ने ब्यबस्थाका कारण केही अपबाद बाहेक सिफारिसमा परेकानै अनुमोदन हुने गरेका छन।संसदीय सुनुवाइ विना नियुक्ति नदिन सर्वोच्च अदालतमा रिट परेपनि प्राथमिकतामा परेको छैन । नियुक्ति पाएर सपथ ग्रहण गरेकालाई समेत ढुक्कसँग काम गर्ने अवस्था नबन्नु आयोगलाई कमजोर बनाउने काम मात्र हो ।

राष्ट्रपति भण्डारीले लोकसेवा आयोगमा झापाका माधवप्रसाद रेग्मीलाई अध्यक्ष र अन्य चार जनालाई सदस्य नियुक्त गरेकी छन् । त्यस्तै, अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दुई जना आयुक्त नियुक्त भएका छन् । निवार्चन आयोगमा सगुनशमशेर जंगबहादुर राणा आयुक्त नियुक्त भएका छन् भने राष्ट्रिय समावेशी आयोगमा रामकृष्ण तिमल्सेना अध्यक्ष भएका छन् । समावेश आयोगमा अरू दुई जना सदस्य पनि नियुक्त भएका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगमा पनि सदस्यहरू नियुक्त भएका छन् ।

वैशाख २६ गते बसेको संवैधानिक परिषदको बैठकले उनीहरूलाई विभिन्न पदमा सिफारिस गरेको थियो । प्रधानमन्त्री ओली, राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र प्रधानन्यायाशीश चोलेन्द्र शमशेर राणा उपस्थित परिषदको बैठकले सिफारिस गरेको थियो । लामो समयसम्म नेतृत्वविहीन आयोगलाई कामकाजी बनाउन सघाउनु पर्नेमा खुट्टा तान्ने र राम्रो भन्दा हाम्रो खोज्ने प्रबृत्तिले सबैलाई विवादमा पारिदिने गरेको छ । राज्यका हरेक अंग, निकाय र संरचनालाई कमजोर बनाउने खेलको कडिका रुपमा आयोगलाई विवादित बनाउने काम भएको छ।नियुक्त भएकाहरुले आफ्नो कामबाट मात्रै औचित्यपुष्टी गर्नु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाब | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# वालिङ नगरपालिकाको बजेट ७८ करोड

**पोखरापत्र संवाददाता**
**बागलुङ, १० असार**

स्याङ्जाको वालिङ नगरपालिकाको बुधबार सम्पन्न दशौं नगरसभाले आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि रु ७८ करोड १४ लाख ७६ हजारको बजेट सार्वजनिक गरेको छ । नगर उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक कल्पना तिवारीले नगरसभामा प्रस्तुत गर्नुभएको बजेट तथा कार्यक्रम पारित भएको हो ।

नगरपालिकाले आगामी आर्थिक वर्षका लागि आन्तरिक आयतर्फ रु छ करोड ५५ लाख ३० हजार, सङ्घीय सरकार राजस्व बाँडफाँडबाट रु १० करोड २९ लाख ८८ हजार, वित्तीय समानीकरण अनुदानबाट रु १६ करोड ३९ लाख, सःशर्त अनुदानतर्फ रु ३९ करोड ६२ लाख, सङ्घीय सरकारको विशेष अनुदान रु एक करोड ६६ लाख, सडक बोर्ड नेपालबाट रु ४७ लाख गरी कूल रु ७४ करोड ९९ लाख १८ हजार अनुमानित बजेट प्रस्तुत भएको हो । त्यस्तै गण्डकी प्रदेश सरकारतर्फको राजस्व बाँडफाँडबाट रु एक करोड १६ लाख ९० हजार, प्रदेश सरकार समानीकरण अनुदानबाट रु एक करोड ९८ लाख ६८ हजार गरी कूल रु तीन करोड १५ लाख ५५ हजार ८०० को अनुमानित बजेट पारित भएको हो ।

शिक्षा, स्वास्थ्य, कृषि, पशुसमेतमा चालुतर्फ रु ३९ करोड ८६ लाख ९९ हजार २०० र पूँजीगततर्फ रु ३८ करोड २७ लाख ७६ हजार ८०० खर्च हुने अनुमानित बजेट सार्वजनिक गरिएको छ । कूल बजेटमा चालुतर्फ ५१.१५ प्रतिशत र पूँजीगततर्फ ४९.८५ प्रतिशत रहेको छ । आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि बजेटका उद्देश्य तथा प्राथमिकतामा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका सबै उपाय अवलम्बन गरी जनजीवनलाई सुरक्षित र सहज बनाउने, सीप विकास, आय आर्जन, रोजगारी सिर्जना तथा स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी विकास कार्यलाई तीव्रता दिने उल्लेख गरिएको छ ।

त्यस्तै आर्थिक, सामाजिक, भौतिक पूर्वाधार तथा सुशासन सबै क्षेत्रको एकीकृत विकासमार्फत नगरको समृद्धि हासिल गर्ने, सामाजिक सुरक्षा तथा संरक्षण कार्यको विस्तार गरी लोककल्याणकारी भूमिकाको प्रवर्द्धन गर्ने, तहगत सरकार एवं विकास साझेदारसँग सहकार्य तथा समन्वय गरी आर्थिक एवं सामाजिक उपलब्धी हासिल गर्ने उद्देश्य पूरा गर्न बजेटमा समेटिएको उपप्रमुख तिवारीले बताउनुभयो । आगामी आवका लागि सङ्घीय सरकारबाट हालसम्म समपूरक अनुदान प्राप्त नभएकाले नगरपालिकाको आन्तरिक खर्चमा थप व्ययभार पर्न गएको छ । यसअन्तर्गत सञ्चालित बहुवर्षीय तथा क्रमागत योजना तथा कार्यक्रममा बजेट विनियोजन हुँदा आन्तरिक व्ययभार बढ्ने देखिएको उपप्रमुख तिवारीको भनाइ छ । त्यस्तै आर्थिक सामाजिक, भौतिक पूर्वाधार क्षेत्रको विकासमा जोड दिने, विकास, सुशासन र समृद्धि हासिल गर्न सङ्घीय सरकार, प्रदेश सरकार र अन्तर पालिकाका साथै छिमेकी स्थानीय तहसँगको सम्बन्ध बलियो बनाउने भनिएको छ । आगामी आर्थिक वर्षका लागि सङ्घीय सरकारबाट प्राप्त समानीकरण अनुदानको स्रोतबाट नगरका १४ वटा वडालाई रु पाँच ५ करोड ६५ लाख विनियोजन गरिएको छ । सोमध्ये आर्थिक विकासतर्फ १७.७७ प्रतिशत, सामाजिक विकासतर्फ २१.०४ प्रतिशत, पूर्वाधार विकासतर्फ ५२.०४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धी क्षेत्रतर्फ ९.१५ प्रतिशत रहेको छ ।

नगरस्तरीय कार्यक्रमतर्फ क्षेत्रगतरूपमा आर्थिक क्षेत्रतर्फ ७.७३ प्रतिशत, सामाजिक विकासतर्फ ४७.६० प्रतिशत, पूर्वाधार विकासतर्फ २४.२२ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ५.७७ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ १४.६७ प्रतिशत रहेको छ ।

नगरपालिकाले चालु आर्थिक वर्ष २०७७/०७८ मा वालिङ नगरपालिकाको कूल आय रु ८० करोड ९२ लाख रहेकामा जेठ महिनाको मसान्तसम्ममा ४६ करोड २६ लाख खर्च प्रगति भएको उपप्रमुख तिवारीले बताउनुभयो । सोमध्ये आर्थिक विकास क्षेत्रमा ३० प्रतिशत, सामाजिक विकास क्षेत्रमा ५७ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा ४० प्रतिशत र सुशासन क्षेत्रमा ३० प्रतिशत खर्च भार रहेको छ । यसअघि नगरप्रमुख दिलीपप्रताप खाँणले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममाथि दफाबार छलफल गरिएको थियो । नगरपालिकाको नीति कार्यक्रम तथा बजेटमा विशेष गरी स्वास्थ्य, शिक्षा, कृषि र रोजगारीलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ ।

नगरप्रमुख खाँणले स्वास्थ्य, शिक्षा र पूर्वाधारलगायत सामाजिक तथा समावेशी विकासमार्फत समृद्ध नगर निर्माण गर्ने, अहिलेको विषम परिस्थितिमा कोभिड-१९ विरुद्ध लाग्नका लागि स्वास्थ्यलाई प्राथमिकतामा राखेर शिक्षा, कृषि, रोजगारीसँगै अन्य क्षेत्रको विकास गरी आत्मनिर्भर नगरपालिकाको दिशामा अग्रसर हुने, नगरबाट प्रदान गरिने सेवा प्रवाहको गुणस्तर बढाई नगर सरकारको अनुभूतिसहित सुशासनको प्रत्याभूति दिन नगरको बजेट केन्द्रित रहेको बताउनुभयो ।

बजेटका उद्देश्य हासिल गर्न र बजेटका प्राथमिकता कार्यान्वयन गर्न सङ्घीय र प्रदेश सरकारसँग एकता, समन्वय र साझेदारी गरी निजी क्षेत्र, नागरिक समाज, राजनीतिक दल, सङ्घसंस्थासँग सहकार्य गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिइने नगर प्रमुख खाँणले बताउनुभयो ।

# शव निकाल्न कठिनाइ

**पोखरापत्र संवाददाता**
**गोरखा, १० असार**

वन लसुन टिप्न जङ्गलमा गएका बेला भीरबाट लडेर मृत्यु भएका गोरखाको चुमनुब्री गाउँपालिका-३, पाङसिङका एक युवकको शव निकाल्न कठिनाइ भएको छ । बौद्ध हिमालको फेदीमा खोँचमा रहेको २४ वर्षका सुरेन्द्र गुरुङको शव चार दिनदेखि निकाल्न नसकिएको चुमनुब्री सेवा समाजका अध्यक्ष वीरबल घलेले जानकारी दिनुभयो ।

बुबा र भाइसँगै वन लसुन टिप्न गएका गुरुङ यही असार ६ गते बारपाक सुलिकोट गाउँपालिका वडा नम्बर १ र लमजुङको सिमानामा पर्ने बौद्ध हिमालको फेदीमा भीरबाट खसेका थिए । गुरुङको शव मौसम खबरीका कारण निकाल्न कठिनाइ भएको उहाँले बताउनुभयो । परिवार र लाप्राकबासीले खोचबाट शव निकालेर हेलिकप्टर ल्याण्ड गर्न सक्ने ठाउँमा ल्याएका छन । माथि ल्याउन दुई पटकसम्म हेलिकप्टरबाट प्रयास गरिएको भएपनि नसकिएको अध्यक्ष घलेले जानकारी दिनुभयो । गुरुङ गएको जेठ २६ गते परिवारका सदस्य र २ जना छिमेकीको साथमा वन लसुन खोज्न त्यहाँ पुगेका थिए । उनीहरुको भने असार ७ गते हेलिकप्टरमार्फत उद्धार गरिएको थियो ।

# व्यासको बजेट एक अर्ब ७७ करोड

**–कृष्ण न्यौपाने**
**दमौली, १० असार**

व्यास नगरपालिकाले आगामी आर्थिक वर्ष २०७८/० ७९ का लागि रु एक अर्ब ७७ करोड ८९ लाख १२ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ । नगरपालिकाको आज आयोजित ३५ औं नगरसभामा उपप्रमुख मीरा जोशीले आगामी वर्षका लागि अनुमानित बजेट सार्वजनिक गर्नुभएको हो ।

नगरपालिकाले चालु आर्थिक वर्ष भन्दा आगामी वर्षका लागि रु २५ करोड बढीको बजेट सार्वजनिक गरेको हो । नगरपालिकाले चालु आर्थिक वर्षका लागि रु एक अर्ब ५२ करोडको बजेट ल्याएको थियो । कूल बजेटमध्ये आर्थिक विकास तर्फ रु दश करोड ११ लाख ९६ हजार, सामाजिक विकासतर्फ रु ९३ करोड १७ लाख ७५ हजार, पूर्वाधार विकासतर्फ रु ४५ करोड ३८ लाख २५ हजार, वातावरण तथा विपद् व्यवस्थापनतर्फ रु चार करोड ६६ लाख ५० हजार, संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ रु दुई करोड ५४ लाख ६६ हजार विनियोजन गरिएको छ ।

कूल विनियोजित बजेटमध्ये चालुतर्फ रु एक अर्ब दुई करोड ८७ लाख १२ हजार र पुँजीगततर्फ रु ७५ करोड दुई लाख विनियोजन गरिएको छ । उपप्रमुख जोशीका अनुसार कूल बजेटमध्ये आर्थिक विकासमा ५.६९, सामाजिक विकासमा ५२.३८, पूर्वाधार विकासमा २५.५१, वातावरण तथा विपद् व्यवस्थापनमा २.६२ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ १३.८० प्रतिशत विनियोजन गरिएको छ ।

उक्त बजेटमध्ये सङ्घ सरकारबाट सशर्त अनुदान बापत ५६ करोड १७ लाख, सङ्घ सरकारको सामाजिक सुरक्षा अनुदानबापत रु २१ करोड, आन्तरिक श्रोतको आयबाट रु २० करोड ५० लाख, सङ्घ सरकारको वित्तीय समानिकरण अनुदान रु १९ करोड ७६ लाख, सञ्चित कोष अल्याबाट रु १५ करोड ३७ लाख १२ हजार, सङ्घ सरकारको राजश्व बाँडफाँडबाट रु १२ करोड ९८ लाख ५१ हजार, राजश्व बाँडफाँड अन्तर्गत मालपोत रजिष्ट्रेशनबाट रु १० करोड आम्दानी हुने अनुमान छ । त्यस्तै नगर विकास कोष ऋणबाट रु दश करोड, प्रदेश वित्तीय समानीकरण अनुदानबाट रु दुई करोड ४४ लाख ७८, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु एक करोड ७४ लाख ७५ हजार, गाउँ नगर साझेदारी कोषबाट रु एक करोड ६५ लाख, सङ्घ विशेष अनुदानबाट रु एक करोड ३७ लाख, प्रदेशको विशेष अनुदानबाट रु एक करोड, प्रदेशको सशर्त अनुदानबाट रु एक करोड आम्दानी हुने अनुमान छ । नगरपालिकाले चालु आर्थिक वर्ष ०७७/७८ को जेठ मसान्तसम्म कूल यथार्थ आय रु एक अर्ब ३५ करोड ९७ लाख सात हजार छ सय २१ र व्यय रु एक अर्ब एक करोड २० लाख ६३ हजार एक सय ६८ रहेको जनाएको छ । यस अघि विसं २०७७ माघमा ३४ औं नगरसभाबाट पारित चालु आर्थिक वर्षको संशोधित आय सङ्घ सरकारबाट प्राप्त अनुदान रु एक अरब छ करोड ९३ लाख ७३ हजार दुई सय, गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रु तीन करोड ५३ लाख ८७ हजार, आन्तरिक श्रोतबाट प्राप्त रकम रु २० करोड ४७ लाख, अन्य आयबाट प्राप्त रकम रु दश करोड ६२ लाख ८१ हजार, लागत सहभागिताबाट र अघिल्लो वर्षको अल्या गरी रु १५ करोड ६९ लाख ७० हजार ८ सयको अनुमान गरेको थियो । नगर क्षेत्र भित्रको करको आधार फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकत्तम परिचालन गर्ने नीति लिइएको उपप्रमुख जोशीले बताउनुभयो । उहाँका अनुसार सेवा शुल्क र दस्तुरका दर, व्यवसाय कर, सम्पत्ति कर एवं भूमि कर, घर नक्सा पास दस्तुर, खानीजन्य ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, रोडा, स्लेट ढुंगा, खरी, चुनढुङ्गा, ब्लक, इट्टा, कटिङढुङ्गा, कवाडी सामान र काठ

आदिमा लिइने दस्तुर यथावत राखी करको दायरा फराकिलो पार्ने नीति अवलम्बन गरिएको छ ।

**आँबुखैरेनीको बजेट रु ६१ करोड**

आँबुखैरेनी गाउँपालिकाले आगामी आवका लागि रु ६१ करोड भन्दा बढीको अनुमानित बजेट सार्वजनिक गरेको छ । आज आयोजित गाउँपालिकाको नवौ सभामा उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले आगामी वर्षका लागि अनुमानित बजेट सार्वजनिक गर्नुभएको हो ।

गाउँपालिकाले आगामी वर्षका लागि कूल रु ६१ करोड ७० लाख ६१ हजार बजेट विनियोजन गरेको छ । उपाध्यक्ष श्रेष्ठका अनुसार सामाजिक विकासतर्फ रु २१ करोड, पूर्वाधार विकासतर्फ रु १७ करोड, सुशासनतर्फ रु एक करोड २७ लाख, कार्यालय सञ्चालनतर्फ रु ९ करोड ८२ लाख विनियोजन गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखेलका अनुसार कूल बजेटमध्ये गाउँपालिकातर्फ रु ४८ करोड ४० लाख, वडा समितितर्फ रु ६ करोड ३० लाख र सामाजिक सुरक्षा तर्फ रु ७ करोड विनियोजन गरिएको छ । गाउँपालिकाले बेरोजगारलाई रोजगारी दिन एक घर : एक रोजगार कार्यक्रम, विद्यावारिधी गर्न जानेलाई अनुदान लगायतका व्यवस्था गरेको छ ।

**वडा सदस्यको निधनमा नगरसभा स्थगन**

शुक्लागण्डकी नगरपालिकाको नवौं नगरसभा शोक प्रस्ताव पारित गरेर स्थगित भएको छ । आगामी वर्षका लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न बिहीबार बोलाइएको नगरसभा शोक प्रस्ताव गरी स्थगित भएको हो । शुक्लागण्डकी-६ का वडा सदस्य श्रीबहादुर थापाको निधनमा शोक प्रस्ताव पारित गर्दै नगरसभा स्थागित भएको हो । थापाको निधनमा नगरसभामा एक मिनेट मौन धारण समेत गरिएको छ ।

नगर सभा सदस्य बुधबार ६५ वर्षको उमेरमा निधन भएको छ । उहाँको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको हो । पन्ध्र दिन अगाडी कोरोना पुष्टि भएपछि उहाँको जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र बेलचौताराको आइसोलेशनमा उपचार भइरहेको थियो । अवस्था जटिल बन्दै गएपछि उहाँलाई पोखरा रिफर गरिएको थियो । पछिल्लो समय कोरोना रिपोर्ट नेगेटिभ आएपनि उहाँको स्वास्थ्यमा सुधार हुन सकेको थिएन । बुधबार नै शुक्लागण्डकीको दोभान घाटमा उहाँको अन्त्येष्टि गरिएको छ । नगरसभाको अर्को मिति भने तोकिएको छैन ।

बिहीबार आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुतीकरण गर्ने तय भएको थियो । यद्यपि नीति, कार्यक्रम तथा बजेट वाचन नगरेतापनि उपस्थित नगरसभा सदस्यलाई भने उपलब्ध गराइएको छ । नीति, कार्यक्रम तथा बजेटको अध्ययन गरी सुझाव दिन नगरप्रमुख किसान गुरुङले नगरसभा सदस्य समक्ष आग्रह गर्नुभयो । 'संवैधानिक व्यवस्था अनुसार नीति, कार्यक्रम तथा बजेट कार्यक्रम प्रस्तुत गर्ने तयारीमा थियौं । नगरसभा सदस्यको मृत्यु भएकाले आजलाई स्थगित गरेका छौ । अब अर्को मिति तोकेर नीति, कार्यक्रम तथा बजेट उपर छलफल थाल्नेछौ,' उहाँले भन्नुभयो । यस्तै वडा सदस्य थापाको निधनमा नगरपालिकाको कार्यालय र वडा कार्यालय पनि आधा दिन बन्द गर्ने निर्णय गरिएको छ । बिहीबार दिउँसो १ बजेदेखि सेवा बन्द गरिएको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो ।

# नेविसंघका पूर्वअध्यक्ष आले व्यावसायिक खेतीमा

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० असार**

व्यास नगरपालिका-१३ निवासी वसन्त आलेले पोखरी भञ्ज्याङ नजिक व्यावसायिक रुपमा मेवा खेती थाल्नुभएको छ । नेपाल विद्यार्थी सङ्घ तनहुँका पूर्वअध्यक्ष आलेले ताइवान रेडलेडी ८७६ जातको मेवाको खेती गर्नुभएको हो ।

करिब ९० रोपनी क्षेत्रफलमा करिब सात हजार मेवाको बिरुवा लगाउने योजना अनुरुप हाल दुई हजार बिरुवा ताइवानबाट ल्याएर लगाइएको आलेले बताउनुभयो । गत वैशाखमा बिरुवा लगाएको तीन महिना भयो । छ महिनामा फल दिन शुरुहुन्छ । उहाँले भन्नुभयो, "फल राम्रो लाग्ने र बिक्रीको लागि १५ दिनसम्म टिकाउ हुने भएकाले यसतर्फ आर्कषित भएको हुँ ।" भारतमा उत्पादन भएको मेवाको तुलनामा नेपालमा उत्पादन भएको मेवाको स्वादले सजिलै बजार लिन सक्ने विश्वास गरिएको उहाँ बताउनुहुन्छ ।

स्थानीय जातको मेवा दुई/तीन दिन पनि टिकाउ नहुने र कुहिने भएकाले यस जातको मेवाको बिरुवा लगाइएको हो । उहाँले भन्नुभयो, "आफूले पनि पहिलो पटक लगाएकोले कस्तो फल दिन्छ हेर्न बाँकी रहेको छ ।" एउटा बीउको रु २८ परेको छ । दश ग्राम प्याकेटको नौ हजार परेको र फल राम्रो फल्ने जानकारी समेत पाएको उहाँले बताउनुभयो । लकडाउन खुलेपछि सोही क्षेत्रमा बाखा तथा पाडा पाल्नको लागि खोर गोठ निर्माण गरिने किसान आलेले जानकारी दिनुभयो । आले विसं ०५१ सालमा स्ववियू सभापति हुदै २०५३ बाट ०६९ सम्म तीन कार्यकाल नेविसंघ तनहुँका जिल्ला अध्यक्षको नेतृत्व लिएर काम गरिसक्नु भएको छ ।

# जनताको जग्गामा १९ वर्षपछि करोडौँको आधुनिक बसपार्क निर्माण

- खेमराज गौतम
**बागलुङ, १० असार (रासस)**

बागलुङमा आधुनिक बसपार्क निर्माणले १९ वर्षपछि सार्थकता पाएको छ । जनताको जग्गामा बागलुङ नगरपालिकाको पहलमा करोडौँ खर्च गरी आधुनिक बागलुङ बसपार्क निर्माण भएको हो ।

गत पुसमै ९० प्रतिशत काम सकिएको बसपार्क मौसम खराबीका कारण पार्किङस्थल कालोपत्रेको काम रोकिएको थियो । बसपार्कले अन्तिम रूप लिए पनि कालोपत्रेमा ढिलाइ भएको थियो । मौसममा सुधार आएसँगै मङ्गलबारदेखि बसपार्क कालोपत्रेको काम शुरु भएको यो काम मौसमले साथ दिए दुई दिनमै सकिने निर्माण कम्पनीले जनाएको छ ।

बसपार्क निर्माणका लागि १९ वर्षअघि बागलुङ बजारबासीले उपल्लाचौरको दाबगरामा व्यक्तिगत जग्गा निःशुल्क बागलुङ नगरपालिकालाई हस्तान्तरण गरेका थिए ।। लामो समय सरकारी उदासीनताका कारण अलपत्र परेको बसपार्क निर्माणले जनप्रतिनिधिको आगमनसँगै २०७५ सालमा बागलुङ नगरपालिकाको पहलमा गति लिएको थियो । ठेक्का स्वीकृत भएको साढे दुई वर्षपछि बसपार्क निर्माणले अन्तिम रूप लिएका नगरपालिकाले जनाएको छ । बागलुङमा व्यवस्थित बसपार्क बनाउन २०५९ सालमै स्थानीयवासीले करोडौँ मूल्य पर्ने जग्गा निःशुल्क दिए पनि बसपार्क निर्माण शुरु हुन सकेको थिएन ।

बागलुङ-४ दाबगरामा व्यवस्थित बसपार्क निर्माणका लागि स्थानीय ५२ जग्गादाताले निःशुल्क उपलब्ध गराएको जग्गामा अहिले बसपार्क निर्माण गरिएको छ । बसपार्क निर्माणको काम लगभग सकिएको नगरपालिकाका इन्जीनियर मनोज शर्माले जानकारी दिनुभयो । "बसपार्कमा निर्माणको काम लगभग सकिएको छ, रङ्गरोगन, विद्युत् जडान भइसेको छ, बाँकी आठ प्रतिशत प्रगति थियो, त्यो पनि पार्किङस्थलको कालोपत्रे शुरु भएको छ", शर्माले भन्नुभयो, "मौसमले साथ दिएमा एक हप्ताभित्रै बसपार्कको काम सकिनेछ र त्यस लगत्तै सञ्चालनमा आउने छ ।" डेढ वर्षमा सकिने बसपार्क कोरोनाका कारण साढे दुई वर्षमा सकिएको हो ।

विसं २०७६ कात्तिक २६ गते एक वर्षमा सक्ने गरी रु आठ करोड ७० लाखमा ठेक्का सम्झौता भएको बसपार्क समयमै नसकिँदा दुई पटक छ/छ महिना म्याद थपिएको हो । पुनः कोरोनाको कारण देखाउँदै छ महिना म्याद थपिएको थियो । अहिले टर्मिनल र व्यावसायिक भवन निर्माण सम्पन्न भएको र पार्किङस्थल कालोपत्रेसमेत भइरहेको छ ।

कोरोनाका कारण निर्माणमा केही ढिलाइ भए पनि बसपार्क निर्माणको कामले अन्तिम रूप लिएको निर्माणको जिम्मा लिएको आशिष फेवा जेभीका आधिकारिक प्रतिनिधि प्रकाश तिमिल्सनाले जानकारी दिनुभयो ।

नगरवासीको १९ वर्षदेखिको आधुनिक र व्यवस्थित बसपार्क निर्माणको सपना पूरा गर्नु ठूलो सफलता भएको नगर प्रमुख जनकराज पौडेलले बताउनुभयो । "१९ वर्ष पहिला करोडौँ मूल्यको जग्गा नगरपालिकालाई दिइएको थियो तर जनप्रतिनिधिविहीन हुँदा काम हुन सकेको थिएन, अहिले बसपार्क हस्तान्तरणको चरणमा पुगेको छ, एक हप्तामै सबै काम सकिनेछ", नगर प्रमुख पौडेलले भन्नुभयो, "हामी निर्वाचित भएर आएपछि बसपार्क निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाएका थियौँ, अहिले लगभग निर्माण सकिएको छ, यसको सञ्चालनका लागि कार्ययोजना बनाउन छलफलसमेत शुरु गरेका छौँ, छिट्टै सञ्चालनमा आउनेछ ।"

स्थानीयवासीले उपलब्ध गराएको ५९ रोपनी जग्गाबाट साढे १७ रोपनी जग्गामा बसपार्क र अन्य जग्गामा व्यवस्थित बसोबासका लागि १२७ वटा घडेरी निर्माण गर्ने गरी नगरपालिकाको नाममा जग्गा हस्तान्तरण गरिएको थियो । लहलह धान फल्ने खेत नगरपालिकाको नाममा दिएको लामो समयसम्म बसपार्क निर्माण नहुँदा स्थानीयवासी निराश थिए । ढिलै भए पनि बसपार्क बनेकोमा खुसी भएको जग्गादाता गुणनिधि शर्माले बताउनुभयो । धान फल्ने जग्गा नगरपालिकालाई बसपार्क बनाउन दिएको १९ वर्षपछि बल्ल सपना साकार भएको जग्गादाता तथा बसपार्क जग्गा व्यवस्थापन समितिका अध्यक्ष सुवास राजभण्डारीले जानकारी दिनुभयो ।

व्यवस्थित आधुनिक बागलुङ बसपार्कमा ६० वटा ठूला बस, १० वटा माइक्रोबस एकैसाथ अटाउन सक्नेछन । टर्मिनल भवनको भुइँ तलामा कार तथा मोटरसाइकल पार्किङ गर्न मिल्नेछ । नगर विकास कोषसँग ऋण सम्झौता गरी बसपार्क निर्माण गरिएको हो ।

# गौ संरक्षणले गिद्ध संरक्षणमा राहत

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० असार**

व्यास नगरपालिका-१० मादीनदी किनारस्थित शिशुवा भतेरीमा गौ संरक्षण थालेसँगै विभिन्न प्रजातिका गिद्धहरु देखिन थालेका छन् । छाडा चौपायाले सडक अवरुद्ध गर्नुका साथै दुर्घटनासमेत निम्त्याउन थालेपछि नगरपालिकाको सहयोगमा गौ संरक्षण केन्द्र स्थापना गरिएको हो ।

वृद्ध गाई मरेपछि नगाडी खुलारूपमा राखिदिन थालेपछि गिद्धहरु सिनो खाना आउन थालेको वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो । गौ संरक्षण गर्नुअघि गिद्धहरु देखिन कठिन हुने गरे पनि अहिले दैनिक विभिन्न प्रजातिका ५० देखि ६० वटासम्म गिद्धहरु आउने गरेको उहाँले बताउनुभयो । "सबै गिद्धको नाम त जान्दैनौ", उहाँले भन्नुभयो, "घाँटी खुइले, हिमाली, गरुड, सेतो, राजा, घाँटी लामो भएका र स्थानीय जातका गरी करिब नौ प्रजातिका गिद्धहरु देखिन थालेका छन् ।"

विसं २०७५ देखि गौ संरक्षण थालिएको हो । तीन वटा ब्लकमा गरी करिब ३०० रोपनी सार्वजनिक क्षेत्रफलमा गौ संरक्षण गरिनुका साथै गाईको मलमुत्र र कुहिने फोहोरलाई प्रयोग गरी बायोग्याँस प्लान्ट निर्माण गर्न थालिएको छ ।

गिद्ध संरक्षणले वातवरणीय सन्तुलन राख्नका लागि सहयोग पुग्ने हुँदा गौ पालनसँगै यसको संरक्षणका लागि थप सहयोग मिलेको वडाध्यक्ष सापकोटाले बताउनुभयो । गौ संरक्षण तथा प्राङ्गारिक मल उत्पादन केन्द्रले अहिले ५२ वटा गाईको संरक्षण गर्दै आएको छ । नगरपालिकाको सक्रियतामा छाडा पशुचौपायाहरु सङ्कलन गरी व्यवस्थित गरेको हो ।

व्यास-१० मादी नदी किनार स्थित शिशुवा भतेरीमा करिब ६० घनमिटर क्षमताको बायोग्याँस प्लान्ट निर्माण गरी विद्युत् उत्पादन गरिसकेको छ । नगरपालिकाको रु सात लाख र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रु सात लाख गरी कूल रु १४ लाखको लागतमा प्लान्ट निर्माण गरी बिद्युत् निकालिएको वडाध्यक्ष सापकोटाले जानकारी दिनुभयो ।

पहिलो चरणमा इनारको पानी तानेर तरखारी खेती गर्दै आएका प्रभावित किसानहरुलाई प्राथामिकताका आधारमा निःशुल्क विद्युत् वितरण गरिएको उहाँले बताउनुभयो । नगरपालिकाले दमौली क्षेत्रबाट दैनिक फोहोर सङ्कलन गर्दा कुहिने र नकुहिने गरी छुट्टाछुट्टै सङ्कलन गरेर बिर्सजन गर्दै आएको छ ।

# बन्द प्रशिक्षणका लागि ५० फुटबल खेलाडी छनोट

**पोखरापत्र संवाददाता**
**मनाङ, १० असार**

साफ फुटबल च्याम्पियनशिप र एएफसी एशियन कपको छनोटको तयारी गर्न बन्द प्रशिक्षणका लागि ५० खेलाडी छनोट गरिएको छ । राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले प्रारम्भिक टोली घोषणा गर्नुभएको हो ।

टोलीले आगामी सातादेखि प्रशिक्षण शुरु गर्नेछ । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अनुसार सो प्रशिक्षण एन्फा कम्प्लेक्स सातदोबाटोमा शुरु हुनेछ । प्रशिक्षण दुई चरणमा हुनेछ । एउटा टोलीले बिहान तथा अर्को टोलीले अपराह्न अभ्यास गर्नेछ । छनोट गरिएका खेलाडीहरूमा अर्पण कार्की, विकेश कुथु, विशाल श्रेष्ठ, विशाल सुनार, दीप कार्की, किरणकुमार लिम्बू, आशिष लामा, अभिषेक रिजाल, अमित तामाङ र अनन्त तामाङ रहनुभएको छ ।

यसैगरी अञ्जन विष्ट, एरिक विष्ट, आयुष घलान, भरत खवास, विवेक बस्नेत, विशाल राई, दर्शन गुरुङ, दिनेश राजवंशी, दोना थापा, गौरव बुढाथोकी, गौतम श्रेष्ठ, जर्जप्रिन्स कार्की, कमल थापा, मनिष डाँगी, मिक्चेन तामाङ, नवयुग श्रेष्ठ, निरज बस्नेत र निशान खड्का पनि बन्द प्रशिक्षणका लागि छनोटमा पर्नुभएको छ । यस्तै छनोट गरिएका अन्य खेलाडीहरूमा नितिन थापा, प्रकाश बुढाथोकी, प्रिजन तामाङ, पुजन उपरकोटी, राजन गुरुङ, रजीन धिमाल, राजीव लोप्चन, रन्दीप पौडेल, रवि पासवान, रोहित चन्द, सन्जोक राई, सन्तोष तामाङ, सेसेहाङ आङ्देम्बे, शिशिर लेखी, सुदील राई, सुजल श्रेष्ठ, सुमन अर्याल, सुमन लामा, सुनील बल, सुरज ज्यु ठकुरी, तेज तामाङ र त्रिदेव गुरुङ रहनुभएको एन्फाले जनाएको छ ।

साफ च्याम्पियनशिप आगामी सेप्टेम्बर १४ देखि २५ तारिखसम्म बङ्गलादेशमा हुनेछ भने एशियन कपको अन्तिम छनोट सन् २०२२ को फेब्रुअरीमा हुनेछ ।

# व्यासको नीति तथा कार्यक्रम : स्वास्थ्य, कृषि र पर्यटन प्राथमिकतामा

**पोखरापत्र संवाददाता**
**दमौली, १० असार**

तनहुँको सदरमुकाम दमौलीस्थित व्यास नगरपालिकाले स्वास्थ्य, कृषि र पर्यटनलाई प्राथमिकतामा राख्दै आगामी वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । बिहीबार आयोजित नगरपालिकाको ३५औँ नगरसभामा उपप्रमुख मीरा जोशीले आव २०७८/७९ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गर्नुभएको हो ।

नगरपालिकाले नगर अस्पताल सञ्चालन, कृषिमा व्यवसायीकरण र पर्यटन क्षेत्रको प्रबर्द्धनलाई प्राथमिकतामा राखेर कार्यक्रम बनाएको छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट जीवनरक्षाका लागि सङ्घीय सरकार, प्रदेश सरकार, सबै पालिका र नागरिक समाजको सहभागितामा दुम्सीबजारको आधारभूत स्वास्थ्य चौकीमा पिसीआर परीक्षण प्रयोगशाला सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

हाल कृषि विकास बैंकको भवनमा २५ शय्याको आइसोलेशन केन्द्र स्थापना गरिएकामा आगामी वर्ष दुम्सी बजारमा रहेको आधारभूत स्वास्थ्य केन्द्रअन्तर्गत नगरपालिका मातहतमा रहने गरी अस्पताल सञ्चालन गर्ने नीति लिइएको उपप्रमुख जोशीले बताउनुभयो ।

विद्यमान कोरोना महामारीबाट प्राप्त तितो अनुभव र यसले सिकाएको पाठलाई ध्यानमा राखी दमौलीस्थित जिल्ला अस्पताललाई एक सय शय्यामा विस्तार गर्ने गरी व्यास-११ पोल्याङमा करिब एक सय रोपनी जग्गा उपलब्ध गराउने र गुरुयोजना तयार गरिने जोशीले बताउनुभयो ।

हाल सञ्चालित दमौली अस्पताललाई भने नगरपालिकाअन्तर्गत ल्याउन सम्बन्धित निकायमा पहल गर्ने नीति लिइएको छ । जिल्ला अस्पतालमा न्यूनतम एक सय शय्यामा डायलासिस, सुत्केरी, आइसियु, भेन्टिलेटरको विशेषज्ञ सेवा र सुविधा उपलब्ध गराउन पहल गरिनेछ । नगरपालिकाले स्वास्थ्य संस्थाको सेवालाई स्तरीकरण गर्दै हरेक वडामा स्वास्थ्य स्वयंसेविकको सहयोगमा सरुवा रोगलगायत सङ्क्रमणबाट नगरवासीलाई सुरक्षित राख्न व्यवस्था मिलाउने नीति लिइएको उपप्रमुख जोशीले बताउनुभयो । कोरोना कहरका कारण वैदशिक रोजगारीबाट घर फर्किएका युवालाई लक्षित गरी विविध कार्यक्रम ल्याउने नगरपालिकाले जनाएको छ । उहाँका अनुसार नगरपालिका क्षेत्रभित्र रहेका निजी तथा सार्वजनिक अवस्थाका खाली जमीनको उत्पादनशील ऊर्जालाई खेर जान नदिन र कृषियोग्य भूमिको उपयोग गरी कृषि उत्पादनलाई बढवा दिइनेछ । आगामी वर्ष नगरपालिकाले कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकीकरण र विशिष्टकरण गर्दै स्थानीयस्तरको उत्पादन वृद्धिमा जोड दिने नीति अवलम्बन गरेको छ ।

कृषि उत्पादनलाई सङ्कलन गर्न हरेक वडामा न्यूनतम एक कृषि उपज सङ्कलन केन्द्र र बजारीकरणका लागि कृषि उपज ढुवानी गर्न कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइनेछ । नगरपालिकाले आलु, लसुन, प्याजको पकेट क्षेत्र निर्धारण गरी उत्पादनमा लाग्ने किसानलाई अनुदानको व्यवस्था मिलाउने भएको छ । नगरको विकासमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं ऐतिहासिकस्थलको पहिचान गरी पर्यटन क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासका लागि कानून निर्माण गर्ने नीति अवलम्बन गरिएको छ ।

एक सय आठ फिटको व्यासमूर्ति, व्यास गुफा र पराशर ऋषिको तपोभूमि पराशर क्षेत्र जोड्ने पुलमा व्यास झुला, ऐतिहासिक तनहुँसुर दरबार, मानुङकोट, गलेखामकोट, कालिका शहीद जङ्गलपार्क, क्यामिन कालिका, सिद्धेश्वरी राजापानी महादेव, छाङ्गावाराही मन्दिरको संरक्षण र सम्बर्द्धन गरिने नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख छ ।

वडा नं १० दुम्सीचौरमा पर्यटकीय प्रबर्द्धनका लागि नारेश्वर ताल निर्माण सम्पन्न गर्ने र भानुघाँसी स्मारक पार्कलाई व्यवस्थित गर्ने नीति लिइएको उपप्रमुख जोशीले बताउनुभयो । उहाँका अनुसार मानुङ यात्राका लागि केबलकार, मानुङकोटमा तारे होटल निर्माण, शिशा पुल निर्माण, जीप लाइनलगायतका निर्माण कार्यका लागि निजी लगानीकर्तालाई आकर्षित गरी साझेदारी गर्ने नीति लिइएको छ ।

नगरसभामा नगरप्रमुख वैकुण्ठ न्यौपानेले स्रोत र सीमामा रहेर कृषि, पर्यटन, स्वास्थ्य, शिक्षालगायत पूर्वाधार निर्माणका कार्य गर्दै आएको बताउनुभयो ।

# अति विपन्नलाई एम्बुलेन्स भाडामा पूर्ण छुट

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० असार**

व्यास-१० स्थित नेपाल रेडक्रस सोसाइटी दुम्सीकोट उपशाखाले सामुदायिक एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ ।

सोसाइटीले विभिन्न सङ्घसंस्था, व्यक्ति, आमा समूह, टोल विकास संस्था, देशविदेशमा रहेका नेपालीबाट प्राप्त चन्दा सङ्कलनबाट सामुदायिक एम्बुलेन्स खरीद गरी सञ्चालनमा ल्याएको हो ।

टोल वा वडाले अति विपन्न भनी सिफारिस गरेको अवस्थामा सत प्रतिशत छुटको व्यवस्था गरिएको सोसाइटी उपशाखाले जनाएको छ । कोभिड प्रभावित बिरामी, अपाङ्गता भएकालाई जुनसुकै अस्पतालमा लैजानु परे पनि लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको सोसाइटीले जनाएको छ । समाजमा सुपथ मूल्यमा एम्बुलेन्स उपलब्ध गराउने भएपछि सर्वसाधारणमा खुशी छाएको छ । सुत्केरी महिलाको हकमा अस्पतालमा सुत्केरी गराउन प्रोत्साहन गर्ने उद्देश्यका साथ एम्बुलेन्समा लाग्ने शुल्कमा २० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

अन्य सेवा सुविधाका लागि सोसाइटीले निर्देशिका बनाएर थप प्रदान गरिने निणर्य भएको शाखाका सभापति रामदत्त पौडेलले जानकारी दिनुभयो । 'असहज परिस्थितिमा पनि पुण्यदान, दुःखमा एम्बुलेन्स सेवा हाम्रो अभियान' भन्ने नाराका साथ विसं ०७७ भदौ १९ गते नेपाल रेडक्रस दिवसको दिनदेखि आर्थिक सङ्कलन अभियान शुरु गरिएको थियो ।

हालसम्म नगद तथा कबोल गरेको समेत गरी रु २९ लाख नौ हजार ७५० सङ्कलन भएकामा एम्बुलेन्स खरिदमा रु १३ लाख ६६ हजार ३६० खर्च भएको छ । बी ग्रेड किसिमको एम्बुलेन्स सञ्चालन गर्ने योजना रहे पनि समय लाग्ने भएकाले तत्काललाई सी ग्रेडको बनाएर सञ्चालनमा ल्याइएको अभियानका अर्थ सङ्कलन समितिका सचिव श्रीकृष्ण आचार्यले बताउनुभयो । जिल्लाको ऋषिङको कोटदरबार र देवघाट गाउँपालिका रेडक्रस सोसाइटी उपशाखाले एम्बुलेन्स सञ्चालन गरिसकेका छन् ।

# कालो ढुसी रोकथाम कार्ययोजना

**पोखरापत्र संवाददाता**
**वालिङ, १० असार**

आँखामा लाग्ने कालो ढुसी फैलिन सक्ने भन्दै बागलुङ नगरपालिकाले पूर्व तयारी थाल्ने भएको छ । कालो ढुसी रोगको नियन्त्रण र रोकथामका लागि पूर्व तयारी गर्ने योजना सार्वजनिक भएको हो । कालो ढुसीको नियन्त्रण तथा रोकथामका लागि पूर्व तयारीमा रहने योजना रहेको नगरप्रमुख जनकराज पौडेलले बताउनुभयो ।

कोरोना महामारी नियन्त्रण र बहुबर्षे कार्यक्रमलाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेको नगरपालिकाले कालो ढुसीको नियन्त्रण तथा रोकथाम प्राथमिकतामा राखेको हो । बुधबार नवौं नगरसभामा नगरप्रमुख जनकराज पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कोरोना महामारी नियन्त्रण, कालो ढुसी रोगको नियन्त्रण र रोकथामका लागि आवश्यक बजेटको व्यवस्था गरिने उल्लेख छ । "भारत लगायतका देशमा महामारीको रुपमा फैलिएको यो रोग नेपालमा भित्रिने सम्भावना छ", पौडेलले भन्नुभयो, "कोरोना महामारीको जस्तो पूर्व तयारी बिना यो रोगसँग बच्न कठिन छ ।"

नगरपालिकाले आधारभूत स्वास्थ्यको जिम्मेवारी लागू गर्ने, स्वास्थ्यकर्मीको लागि आवश्यक व्यवस्था गर्ने, कालोढुसीको नियन्त्रण तथा रोकथामका लागि आवश्यक तयारी थाल्ने नगरप्रमुख पौडेलले बताउनुभयो । शव बहान निरन्तर सञ्चालनदेखि हरि खड्का ट्रमा सेन्टर सञ्चालनका लागि पहल गरिने कार्यक्रम स्वास्थ्य क्षेत्रमा समावेश छन् । "गरिबसँग मेयर ऋषिराम" कार्यक्रम सञ्चालनमा ल्याएर कोरोना महामारीका कारण आयआर्जन गुमाएकालाई सहुलियत ऋण उपलव्ध गराउने नीति लिएको पौडेलले बताउनुभयो ।

जोखिमपूर्ण काम गर्ने मजदुरको लागि जोखिम भत्ता, टेलिमेडिसिन सेवा र बलेवामा १५ शय्याको नगर अस्पताल बनाउने कार्यक्रम सार्वजनिक भएको छ । नगरस्तरका ९ सडक र वडा स्तरीय सडकलाई स्तारेन्नति गरी पक्कि सडकहरु मर्मत गर्ने कार्यक्रमले यो वर्ष पनि निरन्तरता पाएको छ । बागलुङ बजारका चोक सुधार, सडक मापदण्ड कायम गर्ने, व्यवस्थित पार्किङको व्यवस्था गर्ने, चिप्लेटी बस पार्कलाई जीप पार्कमा परिणत गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । खरको छानो विस्थापन र घरबिहिनलाई घर निर्माण गर्ने कार्यक्रमले यसवर्ष पनि निरन्तरता पाएको छ । स्थानीय पाठ्यक्रम निर्माण, भाषा संस्कृतिको संरक्षण र प्रवर्द्धन, पर्यटन प्रवर्द्धनका कार्यक्रमले यस वर्ष पनि निरन्तरता पाएका छन् । मासुका लागि चिस्यान केन्द्र निर्माण, जडिबुटी खेती प्रवर्द्धन कार्यक्रम, एक वडा तीन उत्पादन, युवा व्यवसायी प्रवर्द्धन कार्यक्रमलाई जोड दिईएको पौडेलले बताउनुभयो । भगत सर्वजीत सीप रोजगार प्रवर्द्धन कार्यक्रम आउँदो आर्थिक वर्षमा प्राथमिकताका साथ अघि बढाइने नीतिमा उल्लेख गरिएको छ । कला सहित्य, सूचना प्रविधि, युवा खेलकुद र छाडा कुकुर नियन्त्रण सम्मका कार्यक्रम नीति तथा कार्यक्रमको प्राथमिकतामा परेका छन् ।

# वैकल्पिक सिकाइलाई वडाले निःशुल्क इन्टरनेट दिने

**पोखरापत्र संवाददाता**
**वालिङ, १० असार**

वैकल्पिक शिक्षण सिकाइ क्रियाकलापमा जोड दिँदै वडा कार्यालयले निःशुल्क इन्टरनेट जडान गरिदिने निर्णय गरेको छ ।

स्मार्ट सिटीको अवधारणामा अगाडि बढ्दै गरेको स्याङ्जाको वालिङ नगरपालिकाअन्तर्गत १३ नं. वडाले वैकल्पिक शिक्षा प्रणालीबाट शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरणका लागि इन्टरनेटको ब्यवस्था मिलाइदिने भएको वडाध्यक्ष आनन्दप्रसाद पाठकले बताउनुभयो ।

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको कोभिड-१९ को सङ्क्रमणका कारण विद्यार्थीको सिकाइ क्रियाकलाप प्रभावित भएकाले वडा शिक्षा समितिको बैठकबाट वैकल्पिक विधिबाट पठनपाठनलाई जोड दिने गरी विद्यार्थीको घर-घरमा इन्टरनेट जडान गर्न सहयोग गरिने वडाध्यक्ष पाठकले बताउनुभयो । "विद्यार्थीलाई प्रविधिमैत्रीसँगै वैकल्पिक शिक्षा प्रणालीबाट सिकाइमा सहजता ल्याउनका लागि अभियानको रुपमा अगाडि बढेका छौँ", वडाध्यक्ष पाठकले भन्नुभयो, "कोभिडको पहिलो र दोस्रो लहरबाट शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावित पारेका बेला फेरि तेस्रो लहर आउने भन्ने कुरा सुनिएकाले त्यसको पूर्वतयारी स्वरुप वैकल्पिक विधिलाई थप प्रभावकारी बनाउनका लागि इन्टरनेट जडान गरिदिने निर्णय गरेका हौं ।" इन्टरनेट जडानका लागि विभिन्न चार वटा सेवाप्रदायक संस्थाहरुसँग छलफल भएको र उक्त संस्था पनि सकारात्मक रहेकाले यो अभियान प्रभावकारी हुनेमा वडा कार्यालय विश्वस्त रहेको वडाध्यक्ष पाठकले बताउनुभयो । वडाभित्र आठ वटा सामुदायिक विद्यालय, दुई वटा संस्थागत विद्यालय र एउटा बहुप्राविधिक शिक्षालय रहेका छन् ।

"यसअघि भएका भर्चुअल कक्षा सञ्चालनका क्रममा कतिपयमा इन्टरनेटको असुविधाका कारण मोबाइलको डाटा चलाउनुपर्ने बाध्यता रहेको गुनासो सुन्यौँ", वडाध्यक्ष पाठकले भन्नुभयो, "डाटाबाट नेट ढिलो चल्ने भएकाले पठन पाठनमा प्रभावकारी र उपलब्धीमूलक हुन सकेन, त्यसैले अब वडा कार्यालयले अति विपन्न वर्गका बालबालिकालाई लक्षित गरी निःशुल्क इन्टरनेट जडान गरिदिने तयारीमा छौं ।"

भर्चुअल कक्षा सञ्चालनका लागि आवश्यक पर्ने तालिम तथा अभिमुखीकरण प्रत्येक विद्यालयमा तीन/तीन दिन सञ्चालन गर्ने कार्य शुरु भइसकेको छ ।